घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको २३औं बैठकको निर्णयहरु

मिति २०८०।७।१९

प्रस्ताव नं. १ :-

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

निर्णय नं. १ :-

कार्यपालिकाको मिति २०८०।५।२९ गते बसेको २१औं र मिति २०८०।६।१७ गते बसेको २२औं बैठकमा भएका निर्णयहरुको प्रगति समिक्षा गरियो । अधिकांश निर्णयहरुको कार्यसम्पादन सम्पन्न भएको पाईयो र केही निर्णयहरु कार्यान्वयनको अवस्थामा रहेको पाईयो । साथै आगामी दिनहरुमा निर्णय कार्यान्वयनमा थप क्रियाशील रहने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. २ :-

बसपार्क व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. २ :-

यस गाउँपालिकाले निर्माण गरेको ३ नं. वडाको बसपार्क र हस्तान्तरण भई आएको ४ नं. वडामा रहेको बसपार्कलाई भाडामा लगाउने सम्बन्धमा, घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा ७ मा उल्लेख भए बमोजिम गर्ने र मिति २०८०, असोज ३० गते बसेको स्थानीय राजश्व परामर्श समितिले बसपार्कमा निर्माण भएको पूर्वाधार एवम् सेवा सुविधाहरुको आधारमा पेश गरेको तपसिल बमोजिमको न्युनतम् भाडा दर लाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । साथै बसपार्क एकमुष्ट सञ्चालनको लागि निजि क्षेत्रलाई जिम्मा दिने प्रक्रिया अगाडी बढाउन पूर्वाधार शाखालाई जिम्मेवारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | विवरण | बार्षिक न्युन्तम् भाडा दर | कैफियत |
|---|---|---|---|
| १ | ३ नं. वडामा गाउँपालिकाले निर्माण गरेको बसपार्क | रु.१,००,०००।- | |
| २ | हस्तान्तरण भई आएको ४ नं. वडामा रहेको बसपार्क | रु.२,००,०००।- | |
| | **एकमुष्ट** | **रु.३,००,०००।-** | |

प्रस्ताव नं. ३ :-

बहुउद्देश्य सभाहल र कार्यालयमा रहेको हलको भाडा निर्धारण गर्ने सम्बन्धमा ।

निर्णय नं. ३ :-

यस गाउँपालिकाको कार्यालय भवनमा रहेको सभाहल र यस कार्यालयको मातहतमा रहेको बहुउद्देश्यीयहलमा अन्य कार्यालय/संस्था वा व्यक्ति/समुहले कार्यक्रम गर्न चाहेमा भाडामा

दिनका लागि भाडा दर तोक्ने सम्बन्धमा मिति २०८०, अनुसार ३० भन्दा [illegible] परामर्श समितिबाट निर्णय गरी सिफारिस भै आएकोले [illegible] भाडा रकमलाई स्वीकृत गर्ने निर्णय गरियो । साथै हलहरुको सरसफाईको लागि उठेको भाडाको १०% ले हुने रकम हल सरसफाईमा खटिने कार्यालय सहयोगीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने समेत सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | विवरण | भाडा दर | कैफियत |
|---|---|---|---|
| १ | प्रशासकीय भवनमा रहेको सभाहल (३० जना सम्म सहभागी हुने कार्यक्रमको लागि) | रु.२०००।- | १ दिन प्रयोजनको लागि |
| | | रु.१५००।- | २ दिन र सो भन्दा बढी दिनको कार्यक्रमको लागि |
| २ | बहुउद्देश्य सभाहल (१०० जना सम्म सहभागी हुने कार्यक्रमको लागि) | रु.३०००।- | १ दिन प्रयोजनको लागि |
| | | रु.२५००।- | २ दिन र सो भन्दा बढी दिनको कार्यक्रमको लागि |
| | | | |

**प्रस्ताव नं. ४ :-**

जिल्ला ट्राफिक कार्यालयको जग्गाको निर्णय गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिका ३ नं. वडा कार्यालयको च.नं.७० मिति २०८०।६।७ गतेको पत्रानुसार जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रशासकीय भवन निर्माण गर्नका लागि आवश्यक परेको जग्गाको सम्बन्धमा मिति २०८०।५।१७ गते को ३ नं. वडा समिति लगायत सरोकारवालाहरुको बैठकबाट तपसिलको विवरण भएको जग्गा उपलब्ध गराउने निर्णय भएको हुँदा वडा कार्यालयको निर्णयानुसार सरकारी जग्गा दर्ता, उपभोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ को दफा १०(१) बमोजिम गठित सिफारिस समितिमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

मुस्ताङ जिल्ला घरपझोङ गाउँपालिका ३ नं. वडाको एक्लेभट्टी स्थित पूर्वमा बेनी-जोमसोम-कोरल्ला संडक खण्ड, पश्चिममा राम प्रसाद थकालीको नाममा रहेको कित्ता नं. १०८ को जग्गा उत्तरमा भिरपाखा तथा दक्षिणमा कित्ता नं. १५५ सरकारी जग्गा चारकिल्ला भएको करिब २ रोपनी क्षेत्रफल बराबरको पर्ती जग्गा ।

**प्रस्ताव नं. ५ :-**

सार्वजनिक जग्गा संरक्षण गर्ने सम्बन्धी जिल्ला प्रशासन कार्यालयको पत्र सम्बन्धमा ।

निर्णय प्रमाणित।
०८०।०७।१८

निर्णय नं. ५ :-

जिल्ला प्रशासन कार्यालय, मुस्ताङको सार्वजनिक जग्गा संरक्षण गर्ने सम्बन्धी च.नं.१३४ मि
२०८०।५।७ को पत्रको व्यहोरा जानकारी भयो र सो सम्बन्धमा यस गाउँपालिकाका सम्पू
पदाधिकारीहरु क्रियाशील रहने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ६ :-

चिल्ड्रेन ह्यूमेन राईटको पत्र सम्बन्धमा ।

निर्णय नं. ६ :-

चिल्ड्रेन ह्यूमेन राईटको मिति २०८०।६।२९ गतेको पत्रको सम्बन्धमा छलफल हुंदा गोकुलगं
गाउँपालिका वडा नं.५ नामाडि निवासी ब्लड क्यान्सर पिडित बर्ष ३३ का श्री नाराय
नेपालीलाई विविध खर्च शिर्षकबाट आर्थिक सहयोग स्वरुप रु.५०००।- उपलब्ध गराउ
सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ७ :-

एयरपोर्ट भवनको अगाडीको पेटी मर्मतको लागि ने.बै.लि. जोमसोमको पत्र अनुसार मर्मतको ला
लागत अनुमान रु.६१,२६६।२७ विनियोजन सम्बन्धमा ।

निर्णय नं. ७ :-

जोमसोम एयरपोर्टको पुथाङ बजार क्षेत्रमा मुल सडक निर्माणको क्रममा यस कार्यालयको स्वामित्व
भवनको मूल प्रवेश गर्ने सिढीमा क्षति पुगि भवन प्रवेशमा समस्या आएको र हाल उक्त भवन नेपा
बैंकले भाडामा लिएको र सोही बैंकबाट मर्मतको लागि अनुरोध समेत भएकोले प्रविधिकको लाग
ईन्टिमेट बमोजिम रु.६१,२६६।२७ लाग्ने देखिएको हुँदा निर्मित सार्वजनिक सम्पत्ति मर्मत सम्भार क
शिर्षकबाट लागत रकम रु.६१,२६६।२७ विनियोजन गर्ने र मर्मत गरिदिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ८ :-

साझेदारी कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. ८ :-

यस गाउँपालिका २ नं. वडा र ३ नं. वडाबाट ५०% लागत साझेदारीमा सञ्चालन गर्ने गरी
गरेका तपसिल बमोजिमको योजना/कार्यक्रमहरु सञ्चालन गर्नका लागि चालु आ.ब.को स्थान
जनता संग साझेदारी कार्यक्रम अन्तर्गतको बजेटबाट तपसिल बमोजिमको लागत साझेदारी
योजना/कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | योजना/कार्यक्रमको नाम | स्थान | कुल ईस्टिमेट रकम | लागत साझेदारी | | कैफिय |
|---|---|---|---|---|---|---|
| | | | | स्थानीयको | कार्यालयको | |
| १ | आगो निभाउने सिलिण्डर ग्यास राख्ने कार्यक्रम | मार्फा | रु.४०३५००।- | रु.२०१७५०।- | रु.२०१७५०।- | नयाँ |
| २ | ससिटिभी क्यामेरा जडान | मार्फा | रु.७३६०००।- | रु.३६८०००।- | रु.३६८०००।- | नयाँ |



निर्णय प्रमाणि
०८०।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | |
| ३ | जोमसोम एयरपोर्ट क्षेत्रमा विद्युत लाईन भुमिगत गर्ने योजना | पुथाङ | रु.८२५०००।- | रु.४१२५००।- | रु.४१२५००।- | सम्पन्न गर्ने गरी नपुग रकम |

<u>प्रस्ताव नं. ९ :-</u>

१ नं. वडा छैरो-चिमाङ सडक खण्डमा भासिएको बाटो मर्मतको लागि बजेट विनियोजन सम्बन्धमा ।

<u>निर्णय नं. ९ :-</u>

यस गाउँपालिका १ नं. वडा छैरो-चिमाङ सडक खण्डको लक्कीमा बर्षाका कारण भासिएको बाटो मर्मतको लागि प्राविधिकबाट भएको लागत ईस्टिमेट अनुसार कार्यालयबाट ५ थान ग्याबिन बक्स उपलब्ध गराउने र उक्त ग्याबिन बक्स भर्ने साथै अन्य कार्यका लागि रु.५१,०००।- विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १० :-</u>

क १ नं. वडा कार्यालयको भवनको कम्पाउण्डवाल निर्माण योजनाको लागि लागत ईष्टिमेट रकम रु.७१२७५७।३३ भएको नपुग रकम रु.४१२७५७।३३ सम्बन्धमा ।

ख ५ नं. वडा कार्यालय भवनको कम्पाउण्डवाल निर्माण योजनाको लागि लागत ईष्टिमेट रकम रु.७७१६२८।३५ भएको नपुग रकम रु.४७१६२८।३५ सम्बन्धमा ।

<u>निर्णय नं. १० :-</u>

आ.व.२०८०।८१ को स्वीकृत कार्यक्रम अनुसार क) १ नं. वडा कार्यालय कम्पाउण्डवाल/तारवार निर्माणको लागि रु.३,००,०००।- र ५ नं. वडा कार्यालय कम्पाउण्डवाल/तारवार निर्माणको लागि रु.३,००,०००।- विनियोजन भएकोमा १ नं. वडा कार्यालय एकान्त ठाउँमा भएको र ५ नं. वडा कार्यालय संरक्षणको दृष्टीकोण उपयुक्त समेत हुने हुंदा तारवारको सट्टामा ढुङ्गाको गारो सहितको कम्पाउण्डवाल निर्माण योजना कायम गर्ने प्रविधिकबाट पेश भएको लागत ईस्टिमेट बमोजिम नपुग रकम तपसिल बमोजिम विविध तथा अन्य पूर्वाधार बजेट शिर्षकबाट विनियोजन गर्ने र कम्पाउण्डवाल निर्माण सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल :-</u>

| सि.नं. | योजनाको नाम | स्थान | विनियोजित रकम | कुल लागत | नपुग रकम थप | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय कम्पाउण्डवाल निर्माण | १ नं. वडा कार्यालय, छैरो | रु.३,००,०००।- | रु.७,१२?७५७।३३ | रु.४,१२५,००।३३ | |
| २ | ५ नं. वडा कार्यालय कम्पाउण्डवाल निर्माण | ५ नं. वडा कार्यालय | रु.३,००,०००।- | रु.७,७१,६२८।३५ | रु.४,७१,६२८।३५ | |

**प्रस्ताव नं. १२ :-**

जि.प्र.का. को सार्वजनिक शौचालय निर्माण गर्ने सम्बन्धमा (ईस्टिमेट रु.५१७८३५।५७) ।

**निर्णय नं. १२ :-**

जिल्ला प्रहरी कार्यालयको हाता भित्र सर्वसाधारण सेवाग्राहीको लागि सार्वजनिक शौचालय नभएकोले समस्या परेको हुँदा प्राविधिकको लागत ईस्टिमेट बमोजिम रु.५,१७,८३५।५७ विविध तथा अन्य पूर्वाधार बजेट शिर्षकबाट ईस्टिमेट बमोजिमको रकम विनियोजन गरी सार्वजनिक शौचालय निर्माण गरिदिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

कृषि पकेट विकास कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

चालु आ.ब. २०८०।८१ को प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत स्याउ र आलुबालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास निरन्तरता कार्यक्रम अन्तर्गत आवश्यक कागजात पेश गर्ने सम्बन्धी यस कार्यालयबाट मिति २०८०।४।२३ को प्रकाशित सूचना बमोजिम तपसिलका लाभग्राही कृषक समूह र सहकारी संस्थाले कागजात पेश गरेकोले निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | कार्यक्रम | लाभग्राही संस्था | अनुदान रकम | मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्याउ पकेट विकास कार्यक्रम निरन्तरता | श्री च्यापूई बहुउद्देश्यीय नमूना कृषक समूह | रु.६,००,०००।- | ५ हेक्टर | |
| २ | आलुबाली पकेट विकास कार्यक्रम निरन्तरता | श्री मार्फा मितेरी कृषि सहकारी संस्था लिमिटेड | रु.६,००,०००।- | ५ हेक्टर | |

**प्रस्ताव नं.१४ :-**

गा.पा.को लोगो तयार गर्ने सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

यस घरपझोङ गाउँपालिकाको आफ्नो प्रतीक चिन्ह (लोगो) तयार गर्ने सम्बन्धमा छलफल हुँदा, लोगो डिजाईन गरी पेश गर्नका लागि ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै उक्त लोगोमा यस गाउँपालिकाको तपसिल बमोजिमको सन्देश समेटिने गरी लोगो तयार पार्नुपर्ने र उत्कृष्ट भई छनौट भएको लोगो तयार गर्ने (डिजाईनर) लाई रु.२०,०००।- प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

१) निलगिरी हिमाल

२) यस गाउँपालिका नामाकरण भएको घरपझोङ किल्ला

३) स्याउँ लगायत स्थानीय कृषिबाली



निर्णय प्रमाणित ।
०८०।०८।१५

४ स्थानीय स्तरमा पाईने पशुपन्छी
५ स्थानीय कला संस्कृति झल्किने

**प्रस्ताव नं. १५ :-**
भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन कम्प्यूटर ईन्ट्री गर्ने सम्बन्धमा ।

**निर्णय नं. १५ :-**
राष्ट्रिय भूमी आयोगको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम यस गाउँपालिकाको ५ वटै वडाहरुबाट पेश हु आएका फारमहरुको तथ्याङ्क आयोगले निर्धारण गरेको online software मा प्रविष्ट गर्ने निर्णय गरियो । साथै तथ्याङ्क प्रविष्ट गर्ने प्राविधिक/कर्मचारीलाई प्रति फारम रु.४०।- का दरले प्रोत्साहन स्वरु खाजा खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :-**
जोमसोम काठेपुल मर्मत तथा सौन्दर्यकरण कार्यक्रममा नपुग रकम व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १६ :-**
यस गाउँपालिका ४ नं. वडा जोमसोममा कालीगण्डकी नदीमा रहेको पुरानो तथा ऐतिहासि काठेपुललाई मर्मत तथा सौन्दर्यकरण गरी पर्यटकीय स्थलको रुपमा बनाउनका लागि पर्यटन बो जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजनाबाट रु.७,००,०००।- व्यवस्थापन भएको प्राविधिकको लागत ईस्टिमेट अनुसार रु.१०,४६,२९३।६४ खर्च हुने देखिएको हुँदा उक्त कार्य यसै च आ.व.मा सम्पन्न गर्ने गरी अपुग रकम रु.३,४६,२९३।६४ विविध तथा अन्य पूर्वाधार बजेट शिर्षकब विनियोजन गरी कार्यक्रम सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १७ :-**
जाजरकोट तथा रुकुमपश्चिम भुकम्प पीडितलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा

**निर्णय नं. १७ :-**
यही २०८० साल कार्तिक १७ गते राती जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भूकम्पमा ज गुमाएका सबै प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने र घाईतेहरुको शीघ्र स्वास्थ्य ला शुभकामना व्यक्त गर्ने निर्णय गरियो । साथै भुकम्पबाट प्रभावित जाजरकोट जिल्ल रुकुमपश्चिम जिल्लाको विपद् व्यवस्थापन कोषमा रु.२,००,०००।- विपद् व्यवस्थापन शिर्षकबाट आर्थिक सहायता प्रदान गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८०।०८।१५